# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मुलखर्क, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

सूचना नं. ३६-२०८२/८३ "संस्कृति, पर्यटन, कृषि र पूर्वाधारः समावेशी सुनकोशी समृद्धिको आधार"


## अकवरे खुर्सानी पकेट विकास कार्यक्रम निरन्तरताको लागि पुनः सूचि दर्ता गर्ने सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/१०/०६)

सुनकोशी गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (NAMP) तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार सुनकोशी गाउँपालिका भित्र राष्ट्रिय आवश्यकता र स्थानीय प्राथमिकताको आधारमा आ.व. २०८१/०८२ मा अकवरे खुर्सानी पकेट स्थापना गरी सञ्चालनमा रहेका संस्थाहरुलाई निरन्तरता दिई पकेट कार्यक्रम संचालन गर्नुपर्ने भएको हुँदा लागत साझेदारीमा एउटै कलष्टर तथा चक्लाबन्दीमा थप कार्यक्षेत्र बढाई पकेट कार्यक्रम सञ्चालन गर्न प्रथम पटक सूचना अवधि भित्रमा कुनै पनि आवेदन नपरेकोले पुनः इच्छुक **कृषक समुह/कृषि सहकारी संस्था/कृषि फर्म**हरुबाट सूचि दर्ताको लागि पुनः दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहाय बमोजिमका कागजातहरु संलग्न गरी कार्यालय समयमा सुनकोशी गाउँपालिका कृषि विकास शाखामा सूचि दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिल</u>

**पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

- लिखित निवेदन।
- आवेदकको नेपाली नागारिकताको प्रमाणपत्र प्रतिलिपि।
- कृषक समूह/कृषि फर्म तथा कृषि सहकारीको हकमा संस्थाको दर्ता तथा नविकरण प्रमाणपत्र, (PAN/VAT) दर्ता प्रमाण पत्र र अघिल्लो आ.व. ०८१/०८२ को कर चुक्ताको प्रमाण पत्र र २०८१/०८२ को बार्षिक लेखा परीक्षण प्रतिवेदन ।
- कृषि सहकारी तथा कृषक समुह बैठकको निर्णय प्रतिलिपिहरु।
- सम्बन्धित वडा तथा कलष्टरमा खटिएका कृषि प्राविधिकको पकेट संचालन गर्न उपयुक्त हुने सिफारिस तथा प्रविधिक संभाव्यता प्रतिवेदन।
- सम्बन्धित वडा तहको पकेट स्थापना गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस।
- आवेदक वा निजको परिवारको स्वामित्वमा प्र्याप्त जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी यदि जग्गा लिजमा लिएको भए ५ बर्ष सम्मको करारनामा वा सम्झौता पत्र।
- पकेट संचालन गरिने बालीको क्षेत्रफल र जग्गाको कित्ता नं. खुलेको विवरण।
- कार्यविधि अनुसार लागत साझेदारी गर्ने प्रतिबद्वता पत्र।
- गत आ.व. २०८१/०८२ मा सञ्चालित खुर्सानी पकेटको खर्च र आम्दानीको विवरण पेश गर्नुपर्नेछ।

**थप जानकारीको लागि सुनकोशी गाँउपालिका कृषि विकास शाखामा वा फोन नं ९७४९२१२५५५ वा ९८६४७९६१७७ मा सम्पर्क राख्न सक्नुहुनेछ र (pmamp.gov.np) मा परियोजना कार्यान्वयन म्यानुअल, २०७७ पहिलो संशोधन, २०८१ डाउनलोड गरी कार्यविधि हेर्न सकिने छ।**

..............................

(लोकेन्द्र बहादुर राई)

प्रमुख प्रशासकीय अधिकृत


Email:- ito@sunkoshimunokhaldhunga.gov.np / sunkoshee@gmail.com CAO:-9852887800
Website:- www.sunkoshimunokhaldhunga.gov.np Info Officer:-9852887799
Facebook Page:- https://www.facebook.com/sunkoshirm.okhaldhunga